annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ४९ पृष्ठ ८ | काठमाडौं, मंगलबार ३ असार २०८२ | आषाढ कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४५ | TUESDAY, JUNE 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# उफ् गर्मी, असिनपसिन विद्यार्थी

मधेसको तापक्रम ४१ डिग्री पुगिसकेको छ। सहनै नसकिने गर्मी छ। तर, भविष्यका कर्णधार पढ्ने विद्यालयमा न पंखा छन्, न हावा छिर्ने झ्याल नै। अधिकांश विद्यालयमा टिन (जस्ता) का छाना छन्। जस्ताका छाना तातेर आरानमा हालिएका फलामजस्ता हुन्छन्। तर, तिनै टिनका छानामुनि पढ्न बाध्य छन्, बालबालिका। लाग्छ, हाँडीभित्र मकै उसिने झैं साना कक्षा कोठाभित्र टिनका छानामुनि बालबालिका पढाउने गरिन्छ।

मनिका झा | *जनकपुरधाम*

– को रिपोर्ट

समाचार पृष्ठ २



अत्यधिक गर्मीमा टिनको छानामुनि जेनतेन पढ्दै बालबालिका। ● मनिका झा


| सामुदायिक विद्यालय | संस्थागत विद्यालय | प्राविधिक शिक्षालय |
|---|---|---|
| ३,४४५ | १,३०० | १३५ |
| विद्यार्थी १४,३८,२६६ | विद्यार्थी ४,२३,१५५ | विद्यार्थी ९,४५६ |

टिनको छाना भएका विद्यालय ८०%

गर्मीमा स्कुल नजाने विद्यार्थी ६१%

पर्याप्त प्राकृतिक छायाको अभाव ६६%

## पूर्वउद्योगमन्त्री शास्त्रीको निधन



**प्रेमनारायण आचार्य** | *अर्घाखाँची*

पूर्वउद्योगमन्त्री तथा समाजवादी चिन्तक ढुण्डिराज शास्त्री (पौडेल) को ९० वर्षको उमेरमा निधन भएको छ। काठमाडौंको केएमसी अस्पतालमा उपचारको क्रममा सोमबार बिहान ४ बजे उनको निधन भएको हो। अर्घाखाँची जिल्लाको साबिक किमडाँडा पञ्चायत ८, हाल भूमिकास्थान नगरपालिका–८ नीमडाँडामा बुवा खेमराज पौडेल र आमा सावित्रा पौडेलको जेठो सन्तानको रूपमा १९९३ सालमा उनको जन्म भएको थियो।

नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य शास्त्रीको हाल २ श्रीमती, २ छोरा र २ छोरी छन्। एक श्रीमतीको निधन भइसकेको छ। देशबाहिर रहेकाले छोराहरू आएपछि बृहत् श्रद्धाञ्जलिसहित अन्तिम दाहसंस्कार गरिने कार्यक्रम रहेको पौडेल परिवारका सदस्य अशोक पौडेलले जानकारी दिए।

उनी २०१० सालमा बनारसमा पढ्दादेखि नै नेपाली कांग्रेसको राजनीतिमा लागिसकेका थिए। पढाइ सकेर घर आएपछि भूमिगत रूपमा नेपाली कांग्रेसको संगठन विस्तारमा पनि उनी लागेका थिए।

२०१४ सालमा नेपाली कांग्रेसद्वारा सुरु गरिएको भद्र अवज्ञा आन्दोलनमा अर्घाखाँची जिल्लाको अगुवाइ गर्दै पाल्पा तानसेनमा उनले भाग लिएका थिए। २०१५ सालको आम निर्वाचनमा सक्रिय रूपमा लागेका थिए। युवा उमेरमै २०१७ साल पुस १ गते राजा महेन्द्रद्वारा संसद् भंग गरी नेताहरूलाई जेल हालेको समयमा गुल्मी अर्घाखाँचीका लडाकु युवाहरूलाई क्रान्तिमा संलग्न गराउने कार्यमा उनले अग्रणी भूमिका निर्वाह गरेका थिए।

२०१७ सालपछि उनले भारतमा निर्वासित जीवन बिताएका थिए। त्यतिबेला उनले भारतको गोरखपुरस्थित गोरखपुर महाविद्यालयमा प्राध्यापकको रूपमा समेत धेरै वर्ष काम गरे।

# स्वार्थ समूहको चलखेल पाएपछि जलस्रोत विधेयक फिर्ता गर्दै सरकार

**सुनिता कार्की** | *काठमाडौं*

जलस्रोत विधेयक २०८१ फिर्ता गर्ने सरकारले निर्णय गरेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को बालुवाटारमा सोमबार बसेको बैठकले विधेयक फिर्ता गर्ने निर्णय गरेको बैठकमा सहभागी एक मन्त्रीले अन्नपूर्ण पोस्ट्लाई जानकारी दिए।

तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले विधेयकको प्रारम्भिक मस्यौदा २०८१ जेठ ३१ गते प्रतिनिधिसभा दर्ता गराएका थिए। २०८१ असार १५ गते प्रतिनिधिसभामा प्रस्तुत भएको विधेयक लामो छलफलपछि २०८२ जेठ ५ गते राष्ट्रियसभामा लैजाने गरी पारित गरिएको थियो।

विधेयकलाई प्रतिनिधिसभाको पूर्वाधार विकास समितिमा दफावार छलफल गरिएको थियो। छलफलपछि तयार पारिएको प्रतिवेदनसहित ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विधेयकको निर्णयार्थ संसद्मा प्रस्तुत गरेका थिए। विधेयक प्रतिनिधिसभाबाट बहुमतले पारित पनि भएको थियो।

राष्ट्रियसभा पुगेको यो विधेयक मन्त्रिपरिषद्ले फिर्ता गर्ने निर्णय गरेको हो। विधेयकका केही बुँदामा स्वार्थ समूहको चलखेल भएको आशंकामा फिर्ता गर्ने निर्णय भएको बुझिएको छ। जलस्रोतसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकले जलस्रोतको उपयोग, संरक्षण, एकीकृत र समन्वयात्मक विकास गर्न तथा जलवायु परिवर्तनबाट उत्पन्न हुन सक्ने जल तथा मौसमजन्य प्रकोप र विपद्को प्रभावलाई न्यूनीकरण गर्ने उद्देश्य लिएको छ।



समितिमा दफादार छलफलको क्रममा विधेयकको दफा १७ मा भएको तल्लो तटीय क्षेत्र र माथिल्लो तटीय क्षेत्रको लाभको विषयमा सहमति हुन सकेको थिएन। विधेयकको संशोधनमा उक्त बुँदालाई नै हटाइएको थियो।

संसद्मा विधेयक दर्ता गराएको तत्कालीन मन्त्री शक्तिबहादुर बस्नेतले प्रतिनिधिसभाबाट पारित भएको विधेयक सरकारले के कसरी हटायो पूर्ण जानकारी नभएको बताए। दर्ता विधेयकमाथि दफादार छलफल भई मन्त्रालयको संशोधनसहित संसद्को तल्लो सदनबाट पारित भएकाले सरकारको कुन विषयमा चित्त नबुझेको हो भन्ने सक्ने आधार नभएको उनको भनाइ थियो।

पूर्वाधार समितिमा विधेयकमाथि भएको दफादर छलफलमा विज्ञका रूपमा रहेको पूर्वऊर्जा सचिव दिनेश घिमिरेले प्रतिनिधिसभाबाट पारित भएको विधेयक फिर्ता हुनु दुःखको विषय भएको बताए। उनले जलस्रोतको बाँडफाँट र विद्युत् उत्पादनको भविष्य सुनिश्चितताका लागि विधेयकले व्यवस्था गरेको उल्लेख गरे। सरोकारवाला निकायसँगको लामो र निरन्तरको छलफलपछि विधेयक अघि बढेको उनले दोहोर्‍याए।

केही बाह्य विज्ञले ड्याम सुरक्षाको विषयलाई लिएर प्रश्न उठाएको भए पनि विधेयकको संशोधनले ती सबै मुद्दामा सहमति गरेर नै अघि बढेको पूर्वाधार विकास समितिका सचिव उदय भण्डारी बताउँछन्।

मन्त्रिपरिषद्ले फिर्ता लिए पनि प्रतिनिधिसभाको बहुमतले फिर्ताका लागि स्वीकृति नदिएसम्म फिर्ता नहुने प्रावधान रहेको छ। प्रतिनिधिसभा नियमावली २०७९ मा भएका व्यवस्थाले पारित भएको विधेयक फिर्ता लिन सकिन्छ। तर, त्यसका लागि सम्बन्धित मन्त्रालयका मन्त्रीले संसद् सचिवालयमा जानकारी गराउनुपर्छ र विधेयक फिर्तासम्बन्धी सरकारको प्रस्ताव संसद्बाट बहुमतले स्वीकृत भएमात्र विधेयक फिर्ता हुन्छ।

» बाँकी पृष्ठ ६

## प्रधानमन्त्री ओली असार १४ गते स्पेन भ्रमणमा जाने



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओली स्पेन भ्रमणमा जाने भएका छन्। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको निमन्त्रणामा प्रधानमन्त्री ओली स्पेन भ्रमणमा जान लागेका हुन्।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री ओलीको स्पेन भ्रमण स्वीकृत गरेको बैठकमा सहभागी एक मन्त्रीले बताए। उनका अनुसार संयुक्त राष्ट्रसंघको असार १४ र १५ गते हुने कार्यक्रममा प्रधानमन्त्री ओली सहभागी बन्नेछन्। प्रधानमन्त्री ओली असार २० गते स्वदेश फर्किने कार्यक्रम रहेको छ। त्यस्तै मन्त्रिपरिषद् बैठकले जलस्रोत विधेयक फिर्ता लिने निर्णय गरेको छ। विधेयकका केही बुँदालाई स्वार्थ समूहले प्रभावित पारेको आशंकामा विधेयक फिर्ता लिइएको ती मन्त्रीको भनाइ छ।

# 'इजरायलका नेपालीको सुरक्षामा दत्तचित्त छौं'

इजरायली सेनाले इरानी राजधानीका केही भागहरू बसोबास गर्दै आएका मानिसलाई ठाउँ खाली गर्न चेतावनी दिँदै सोमबार तेहरानमा थप हवाई आक्रमणहरू गरेको छ। इजरायल र इरानबीच तनाव सुरु भएको चार दिन बित्दा दुवै पक्षतर्फ ठूलो क्षति भएको छ। इरानको स्वास्थ्य मन्त्रालयले जनाएअनुसार इजरायली आक्रमणबाट कम्तीमा २ सय २४ जनाको मृत्यु भइसकेको छ। त्यसैगरी शुक्रबार यता इजरायलमा मारिनेको संख्या २४ पुगेको समाचार एजेन्सीहरूले जनाएका छन्। नेपाली राजदूतावासका अनुसार इजरायलमा हाल ५ देखि ७ हजारको संख्यमा नेपाली विभिन्न पेसामा सम्लग्न छन्। केही विद्यार्थी पनि छन्। यही परिप्रेक्षमा त्यहाँ रहेका नेपालीको अवस्था र उनीहरूको सुरक्षाका लागि नेपाली राजदूतावासले उठाएका कदमका विषयमा इजरायलका लागि नेपाली **राजदूत धनप्रसाद पण्डित**सँग अन्नपूर्णकर्मी **रामकला खड्का**ले गरेको कुराकानीको सारसंक्षेप :

**इजरायलमा हाल रहेका नेपालीको संख्या कति छ र धेरै कुन क्षेत्रमा कार्यरत छन् ?**

हाल इजरायलमा बसोबास गर्ने नेपाली कति छन् भन्ने यकिन जानकारी कसैलाई छैन। हामीकहाँ जीटुजी (सरकारले सरकारलाई) पठाउने कामदार करिब २ हजार जति छन्। कृषिमा ३ सय ५० जना छन्। सन् २००१ देखि २००९ सम्म आएका र कुनै किसिमले अहिलेसम्म बसिरहेका झन्डै हजार जना जति छन्। अनौपचारिक तरिकाले आएका नेपाली झन्डै दुई हजार छन्। अरू विविध किसिमले आएका वा यहीँ आएर कोहीसँग विवाह गरेर बसेका पनि छन्। यी सबै गरेर जम्माजम्मी पाँचदेखि सात हजार नेपाली छन्।

यीमध्ये सबैभन्दा धेरै केयर गिभिङ अर्थात् बिरामीको स्याहार सुसार गर्ने क्षेत्रमा छन्। यसरी नर्सिङको क्षेत्रमा काम गर्ने दुई हजार छन्। निजी घरमा काम गर्ने करिब एक हजार छन्। अर्को बाटो भएर आएकामध्ये पनि प्राइभेट नर्सिङ होममा काम गर्ने छन्। ७, ८ जना कृषिका विद्यार्थी छन्। कृषि स्नातकोत्तर पढिरहेका ४ जना छन् जो २०२३ को लडाइँमा घाइते भएपछि यहाँको सरकारले छात्रवृत्ति दिएर हाल अध्ययन गरिरहेका छन्। एक जना डाक्टर मेडिकल सेन्टरमा इन्टर्नको रूपमा काम गरिरहेका छन्। जम्माजम्मी १०,१२ जना विद्यार्थी होलान्।



**धनप्रसाद पण्डित,**
इजरायलका लागि नेपाली राजदूत

**पछिल्लो समय इजरायल र इरानबीचको तनाव बढ्दै जाँदा इजरायलमा रहेका नेपालीको अवस्था कस्तो छ ?**

अहिलेसम्म सबै नेपाली सुरक्षित छन्। उनीहरूमाथि कुनै खतरा देखिएको छैन। जहाँ काम गरिरहेका छन् वा जहाँ बसिरहेका छन्, हरेक ठाउँमा बंकर हुन्छ। बंकरभित्र समयमा बस्यो र त्यही घरमा मिसायल परेन भने जोगिन्छन्। त्यही ठाउँमा पर्‍यो भने त यस्तो युद्धको बेलामा केही भन्न सकिन्न। अहिलेसम्म यहाँको सरकारको सुरक्षासम्बन्धी नियमलाई पालना गरेर बस्नु भन्ने हामीले सूचना गरेका छौं। केही भबितव्य परे हामीलाई खबर गर्नु। हामी नेपाल सरकारको समन्वयमा तपाईंहरूलाई उद्धार गर्छौं भनेका छौं।

**सुरक्षाका दृष्टिले इजरायलका कुन–कुन सहर र क्षेत्र बढी जोखिममा छन् ? त्यहाँ कति नेपाली छन् ?**

इजरायल भनेको हाम्रो कर्णाली प्रदेश जत्रै छ। त्यसकारण यो लडाइँको बेलामा इरानबाट झन्डै १५ सय, दुई हजार किलोमिटरको दूरीबाट आउने क्षेप्यास्त्र जहाँ पनि पर्न सक्छ । यही ठाउँमा सुरक्षा जोखिम बढी छ भनेर यसै भन्न सकिन्न। उत्तरतिर हाइटमा पनि हानेको छ। मुख्य सहर तेल अभिभमा पनि हानेको छ। मोटामोटी रूपमा यिनीहरूले जोगाइहाल्छन्। यिनीहरूको आइरन डोम प्रतिरक्षा प्रणालीले काम गर्छ। तर, धेरै मिसाइल एकै साथ आउँदा फुत्कने रहेछ र धेरै विनाश पनि भएको छ। अरू ठाउँभन्दा दक्षिणतिर गाजाभन्दा तलतिरको मरभूमि तिर मान्छे थोरै छन्। त्यहाँ कसैले हान्दैनन्। त्यहाँ सुरक्षित छ।

» बाँकी पृष्ठ ६